अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मितिः २०८२।०१।०५ गते।

प्रेस विज्ञप्ति

विषयः प्रतिवादी गोपाल राजभण्डारीसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट जिल्ला समन्वय समितिको कार्यालय,सुनसरीका **तत्कालीन जिल्ला समन्वय प्रमुख गोपाल राजभण्डारी** समेतका प्रतिवादी उपर आ.व.२०७५/०७६ को लागि कृषि तथा बनकस जडिबुटि जिल्ला निकासी कर संकलनमा रु.८०,५२,०००।– कार्यालयको खातामा दाखिला नगरी/नगराई सार्वजनिक सम्पतिको हानिनोक्सानी हुने कार्य गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु.८०,५२,०००।- कायम गरी सोही ऐनको दफा १७ मा उल्लेख भए बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ज) बमोजिम कैद र जरिबाना गरी हानिनोक्सानी भएको बिगो सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा मिति २०८१।०१।२४ को फैसलाबाट सफाई दिएकोले उपरोक्त फैसलाउपर मिति २०८२।०१।०५ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल